मितिः २०७३।०२।२८

नियमन शाखा २८२(०७२/७३)च.नं.४७५५

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यू,
(०१) श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०२) श्री दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०३) श्री राष्ट्रिय बीमा संस्थान
(०४) श्री नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०५) श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(०६) श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०७) श्री यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
(०८) श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
(०९) श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
(१०) श्री नेको इन्सुरेन्स लिमिटेड
(११) श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड
(१२) श्री प्रभु इन्स्योरेन्स लिमिटेड
(१३) श्री एन.बि.इन्सुरेन्स कम्पनी लिमिटेड
१४) श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(१५) श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
(१६) श्री अमेरिकन लाइफ इ.कं.(मेटलाइफ एलिको)
(१७) श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड
(१८) श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
(१९) श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
(२०) श्री एन एल जी इन्स्योरेन्स कम्पनी लिमिटेड
(२१) श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
(२२) श्री एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(२३) श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(२४) श्री गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(२५) श्री प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
(२६) श्री राष्ट्रिय बीमा कम्पनी लिमिटेड

विषयः-कार्यालय स्थापना तथा विस्तार सम्बन्धमा ।

वीमा नियमावली २०४९को नियम १७को उपदफा (२) बमोजिम बीमकहरुले शाखा स्थापना, विस्तार गर्न यस समितिबाट स्वीकृति लिनु पर्ने व्यवस्था भए अनुसार अर्को व्यवस्था नभए सम्मको लागि शाखा, उप शाखा तथा अन्य कार्यालय स्थापना तथा विस्तार गर्न स्वीकृति माग गरि पठाउंदा निम्न लिखित आधारभूत शर्त तथा अवस्थालाई ध्यानमा राखि कार्य गर्न यो परिपत्र गरिएको छ ।

**१.प्रदेश कार्यालय, शाखा/उपशाखा कार्यालय खोल्ने सम्बन्धी व्यवस्था**

(क) वीमकले प्रदेश कार्यालय, शाखा / उप शाखा कार्यालय खोल्नका लागि प्रस्तावित स्थान वित्तीय रुपले सम्भाव्य रहेको स्थलगत सम्भाव्यता अध्ययन प्रतिवेदन बस्तुनिष्ठ रुपमा तयार भएको हुनुपर्ने । सम्भाव्यता अध्ययन प्रतिवेदनमा प्रस्तावित क्षेत्रमा कार्यरत अन्य वीमकका अवस्थिति र तिनीहरुसंग व्यवसायमा हुने चुनौति र अवसरका साथै रणनैतिक योजना, शाखा स्थापनाका लागि हुने पुँजीगत तथा

अन्य खर्चहरु, तीन वर्ष भित्रमा वीमा कारोबारबाट प्रस्तावित शाखा मुनाफामा संचालित हुन सक्ने औचित्यपूर्ण आधार समेत समावेश गर्नु पर्नेछ ।

(ख) यस समितिवाट इजाजतपत्र प्रदान गर्दा र नीतिगत व्यवस्था तथा निर्देशन बमोजिम तोकिएका शर्तहरु पुरा गरेको ।

(ग) शाखा कार्यालयमा सुचना आदान प्रदान गर्नको लागि नेटवर्किङ्ग (Networking)गरी वा विद्युतीय माध्यमवाट केन्द्रीय कार्यालयमा सुचना प्रणालीमा तत्काल आवद्ध हुन सक्ने व्यवस्था गरेको ।

(घ) सम्बन्धित वीमकको सञ्चालक समितिबाट प्रदेश कार्यालय, शाखा / उप शाखा कार्यालय कार्यालय स्थापना/सञ्चालन गर्ने सम्बन्धी निर्णय भएको हुनु पर्ने । सञ्चालक समितिले निर्णय गरेको र तोकिएको ढाँचाको फारम भरी स्वीकृतिको लागि आवेदन दिनु पर्ने । यस समितिबाट स्वीकृति पाएको मितिले २ महिनाभित्रमा शाखा कार्यालय खोली कारोबार सञ्चालन गरि सक्नु पर्ने ।

(ङ) वीमक वा तिनका दुई वा सो भन्दा कम शाखा रहेका काठमाण्डौं उपत्यका बाहेकका नगरपालिका वा गाउँ विकास समिति वा वीमकहरूको उपस्थिति न्युन रहेका र कुनै वीमकको शाखा कार्यालय नरहेको वा कुनै पनि वीमा कारोबार गर्ने इकाई नभएको गा.वि.स. वा नगरपालिकामा शाखा विस्तार गर्न प्राथमिकता दिनुपर्नेछ ।

(च) सञ्चालनको समयमा माथि उल्लिखित शर्त तथा व्यवस्थाहरु पुरा नभएका र व्यवस्थापन सुधारको प्रक्रियामा रहेका वीमकहरुलाई बिशेष अवस्थामा मात्र यस समितिले तोकिदिएको शर्तहरुको अधिनमा रही शाखा कार्यालय/अन्य कार्यालय स्थापना गर्न स्वीकृति दिइनेछ ।

(छ) शाखा विस्तार गर्न स्वीकृति प्रदान गर्दा प्रस्तावित क्षेत्रको व्यावसायिक कारोबार, वीमा सेवाको पहुँच तथा उक्त वीमकबाट जीवन तथा निर्जीवन (कृषि, बाली,पशु सवारी,आवास,उर्जा, पर्यटन र लघु उद्यम, स्वास्थ्य)को क्षेत्रमा वीमामा हुन सक्ने वृद्धिको स्थिति झल्कने,तत्क्षेत्रमा वीमा कम्पनीहरुको उपस्थिति,तथा त्यसको आवश्यकता देखिने गरी पेश गरिएको सम्भाव्यता अध्ययन प्रतिवेदन समेतलाई आधार बनाइने छ ।

(ज) समितिले तोके बमोजिम लघु वीमा, वा कृषि, वाली, पशुपंक्षी वीमा प्रयोजनका लागि खोलिएका शाखा कार्यालयहरु समेतलाई वीमकका शाखाको रुपमा गणना गरिनेछ ।

(झ) संघीय प्रदेशहरुमा प्रदेश सरकारका नीति र कार्यक्रम अन्तर्गत आफू मातहतका वीमकका शाखा, उप शाखा कार्यालयहरुको अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा समितिसंग समन्वयात्मक रुपमा कार्य गर्ने गरि प्रदेश स्तरीय कार्यालय प्रत्येक प्रदेशमा खोल्न प्राथमिकता दिइनेछ ।

(ञ) काठमाडौं उपत्यकामा पाँच वा सो भन्दा बढी शाखा कार्यालय संचालनमा रहेका वीमकहरुलाई काठमाडौं उपत्यका बाहिर देहाय बमोजिम दुईवटा शाखा खोली सञ्चालनमा ल्याए पश्चात मात्र काठमाडौं उपत्यकाभित्र थप एक शाखा खोल्न स्वीकृति प्रदान गर्न सकिने छ । उपत्यका भित्र शाखा खोल्न निवेदन पेश गर्दा यसरी खोलिने शाखाको लागि बाहिर खोलिएका शाखाहरुको विवरण पेश गर्नुपर्नेछ । साथै, उपत्यकाभित्र शाखा खोल्न स्वीकृति दिँदा चक्रपथ बाहिर तथा नगर पालिकामा खोल्न प्राथमिकता दिइने छ ।

(अ) यस समितिबाट इजाजतपत्रप्राप्त वीमकहरूको उपस्थिति न्युन रहेका /तोकिएका जिल्लामा वा लघुवीमा वा कृषि, वाली, पशुपंक्षी वीमा सम्बन्धि काम गर्ने कुनै स्थानमा कम्तीमा एक शाखा र,

(आ) काठमाण्डौ उपत्यका बाहिर अन्यत्र मध्ये जिल्ला सदरमुकाम तथा नगरपालिका भन्दा बाहिर कम्तीमा एक शाखा हुनुपर्नेछ ।

तर, उपर्युक्त व्यवस्थाले देहाय बमोजिमका स्थानमा शाखा विस्तार गर्न बाधा पुऱ्याएको मानिने छैन ।

-इजाजतपत्रप्राप्त वीमकहरुले प्रत्येक प्रदेशका प्रत्येक जिल्लामा कम्तिमा एउटा शाखा कार्यालय स्थापना गर्न ।

-काठमाण्डौ उपत्यकाभित्र वीमकको केन्द्रीय कार्यालय/कर्पोरेट कार्यालय र एउटा शाखा कार्यालय स्थापना गर्न ।

-आयात निर्यात व्यापारका लागि प्रमुख भन्सार नाका मानिएका काँकडभिट्टा, विराटनगर,जनकपुर, वीरगंज, तातोपानी, रसुवा, भैरहवा, कृष्णनगर, नेपालगंज र धनगढी, कैलाली, वनवासामा एक/एकवटा शाखा कार्यालय स्थापना गर्न ।

(ट) कुनै वीमकले यस समितिबाट समस्याग्रस्त घोषणा गरिएका वीमक वा अन्य वीमक संगको सम्झौता बमोजिम एकापसमा शाखा खरिद विक्रि गर्ने वा गाभ्ने भएमा दुवै कम्पनीले प्रचलित कानुन तथा आफ्नो आर्थिक प्रशासन विनियमावलीको अधिनमा रही शाखा खरिद बिक्री गर्न वा गाभ्न सक्नेछन् । यसरी खरिद गरेको शाखा उपत्यका भित्रको भएको कारणले खण्ड (छ) बमोजिमको व्यवस्था पालना हुन नसक्ने भएमा शाखा खरिद गरेको एक वर्ष भित्र शाखा खरिद गर्ने वीमकले यस निर्देशन बमोजिम काठमाडौं उपत्यका बाहिर दुइवटा शाखा खोली सक्नु पर्नेछ ।

तर यस समितिबाट (समस्याग्रस्त घोषणा नभई विशेष निगरानीमा रहेका वीमकको शाखा कार्यालय खरिद बिक्री सम्बन्धमा यस समितिको पुर्व स्वीकृति लिएर मात्र गर्न/गराउन सकिने छ ।

(ठ) यस निर्देशनको प्रयोजनका लागि वीमकहरूको उपस्थिति वा कार्यक्षेत्र न्युन रहेका जिल्लाहरु समितिले समय समयमा तोकिदिन सक्नेछ ।

**२. केन्द्रीय कार्यालय, शाखा वा कुनै किसिमको कार्यालय बन्द गर्ने, स्थानान्तरण गर्ने, गाभ्ने तथा ठेगाना परिवर्तन सम्बन्धी व्यवस्था**

(क) वीमा कारोवारका लागि इजाजतपत्रप्राप्त वीमा कम्पनीले यस समितिको पुर्व स्वीकृति बिना शाखा वा कुनै पनि किसिमको कार्यालय बन्द गर्न वा स्थानान्तरण गर्न वा गाभ्न पाउने छैनन् ।

(ख) इजाजतपत्रप्राप्त वीमकले कुनै महानगरपालिका, उप-महानगरपालिका र नगरपालिकाको सोही वडाभित्र तथा गा.वि.स.को हकमा सोही गा.वि.स.भित्र शाखा कार्यालय स्थानान्तरण गर्नु परेमा वीमकको सञ्चालक समितिको निर्णयानुसार स्थानान्तरण गरी ७ दिनभित्र सोको जानकारी यस समितिलाई दिनु पर्नेछ ।

(ग) वीमकले केन्द्रीय/रजिष्टर्ड कार्यालय(कर्पोरेट कार्यालय) को ठेगाना परिवर्तन गर्न वा स्थानान्तरण गर्न चाहेमा यस समितिको स्वीकृति लिई प्रचलित कानुनको अधिनमा रही आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरी गर्न सक्ने छन् ।

**<u>३. एक्सटेन्सन काउण्टर सम्बन्धी व्यवस्था :</u>**

(क) एक्सटेन्सन काउन्टर खोल्न चाहने बीमकले यस समितिले तोकेका शाखा कार्यालय स्थापनाको लागि आवश्यक पर्ने न्युनतम शर्तहरु जस्तै पुँजी योजना अनुसारको न्युनतम चुक्ता पुँजी, वित्तिय विवरण स्विकृति, बाह्य लेखा परिक्षण, बार्षिक साधारण सभा लगायतका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

(ख) काठमाण्डौ उपत्यका, महानगरपालिका र उपमहानगरपालिका बाहेकका क्षेत्रमा मात्र एक्सटेन्सन काउण्टर खोल्न सकिने छ । तर, व्यापारिक उत्सव, मेला, सम्मेलन,प्रदर्शनी तथा आवधिक/घुम्ती बजार सञ्चालन हुने स्थलमा त्यस्तो मेला अबधिभरका लागि वीमा प्रचार प्रसार कार्य मात्र गर्ने गरी यस समितिलाई पुर्व जानकारी दिई कुनैपनि स्थानमा त्यस्तो एक्सटेन्सन काउण्टर खोल्न सकिनेछ । तर इजाजतपत्रप्राप्त वीमकलाई यस समितिको पुर्व स्वीकृति प्राप्त गरी यातायात व्यवस्था कार्यालय, बैदेशीक रोजगार विभाग, कृषि विकाश कार्यालय जस्ता सरकारी कार्यालय, अन्तराष्ट्रिय विमानस्थल परिसर, भन्सार नाका, औद्योगिक क्षेत्र आदि लाई लक्ष्यीत गरि एक्सटेन्सन काउण्टर सञ्चालन गर्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

(ग) खण्ड (ख) मा उल्लिखित क्षेत्रबाहेकका स्थानमा वीमकले यस समितिको पुर्व स्वीकृति लिई एक्सटेन्सन काउण्टर खोल्न सक्नेछन् यसरी खोलिएका एक्सटेन्सन काउण्टरबाट वीमा प्रिमियम संकलन, अभिकर्ता सम्पर्क केन्द्र, वीमा सम्बन्धि प्रचार प्रसार आदि कार्य मात्र गर्न पाइनेछ ।

(घ) एक्स्टेन्सन काउण्टरको लागि कुनै शाखा/कार्यालय अन्तर्गत रहने गरि सम्बन्धित शाखा/कार्यालय तोक्नु पर्नेछ ।

(ङ) एक्स्टेन्सन काउण्टर शाखामा परिवर्तन हुने भएमा शाखा स्थापना सम्बन्धी नीतिगत प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(च) यस समितिबाट इजाजतपत्रप्राप्त वीमा कम्पनीहरुको उपस्थिति नभएको स्थान/बस्तीमा एक्स्टेन्सन काउण्टर खोल्न प्राथमिकता दिइने छ ।

**४.विदेशमा सम्पर्क कार्यालय,प्रतिनिधि कार्यालय खोल्ने सम्बन्धी**

देहायका अवस्था पुरा गरेका वीमकहरुले यस समितिको स्वीकृति लिई विदेशमा सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न सक्ने छन

(क) यस समितिले तोकेको न्युनतम चुक्ता पुँजी पुरा गरेको ।

(ख) संस्था र संस्थाका सञ्चालकलाई यस समितिबाट कुनै कारवाही गरिएको भए त्यस्तो कारवाही भएको ६ महिना पुरा भइसकेको ।

माथि उल्लिखित योग्यता पुगेका इच्छुक बीमकले सर्वप्रथम सैद्धान्तिक सहमतिको लागि यस समिति समक्ष आवेदन गर्नु पर्नेछ । यसरी आवेदन गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछः

(अ) सञ्चालक समितिको निर्णय ।

(आ) सम्बन्धित देशको नियामक निकायको नीतिगत व्यवस्था र सोको पालना गर्न सक्ने सम्बन्धमा वीमकको तर्फबाट गरिएको स्वघोषणा ।

(इ) संभाव्यता अध्ययन गरि प्रतिवेदन प्राप्त भएको वा कुनै व्यवसायीक योजना स्वीकृत भएको भए सोको प्रति ।

(ई) यस दफाको देहाय (क) र (ख)मा तोकीएको शर्त पुरा गरेको स्वघोषणा ।

उपर्युक्त बमोजिम पेश हुन आएको कागजात अध्ययन गरी सम्पर्क/प्रतिनिधि कार्यालय खोल्ने सैद्धान्तिक सहमति प्रदान गर्न मनासिव देखिएको खण्डमा ६ महिनाभित्र सम्बन्धित देशको नियामक निकायबाट सम्पर्क/प्रतिनिधि कार्यालय खोल्ने स्वीकृति प्राप्त गरी अन्तिम स्वीकृतिको लागि यस समिति समक्ष आवेदन गर्नु पर्ने गरी अवधि तोकी सैद्धान्तिक सहमति प्रदान गरिने छ । अन्तिम स्वीकृतिको लागि आवेदन पेश हुन आएमा समितिले आवश्यक जाँचबुझ गरी देहायका शर्त तथा अन्य आवश्यक थप शर्त समेत तोकी अन्तिम स्वीकृति प्रदान गर्ने छ ।

(उ) संभाव्यता अध्ययन प्रतिवेदनबाट त्यस्तो सम्पर्क/प्रतिनिधि कार्यालय खोल्न उपयुक्त देखिएको र त्यस्तो कार्यालय संचालन गर्न वीमक सक्षम देखिएको हुनुपर्ने ।

(ऊ) अन्तिम स्वीकृति प्राप्त गरेको ६ महिनाभित्र त्यस्तो सम्पर्क/प्रतिनिधि कार्यालय खोली कार्यालय सञ्चालन गरिसक्नु पर्नेछ र सोको जानकारी यस समितिलाई दिनु पर्नेछ ।

(ए) सम्पर्क/प्रतिनिधि कार्यालय सञ्चालनको लागि हुने विदेशी मुद्रा खर्चको लागि नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट स्वीकृति लिनु पर्नेछ ।

**५.कार्यालय समय सम्बन्धी व्यवस्था**

नेपाल सरकारले सार्वजनिक विदा भनि तोकेका दिन बाहेकका दिन र कार्यालय समय भनि तोकेका समयमा वीमकले अनिवार्य रुपमा आफ्नो कार्यालय सञ्चालन गर्नु पर्नेछ, साथै सो का अतिरिक्त समय तथा अन्य विदाका दिन र समयमा आफ्नो कारोबार सञ्चालन गर्नु परेमा यस समितिमा सोको पुर्व जानकारी लिखित रुपमा दिई कारोबार सञ्चालन गर्न समेत सक्ने छन् ।

द्रष्टव्यः**-** यो परिपत्र पालनामा कुनै द्विविधा उत्पन्न भएमा यस समितिमा जानकारी गराई प्राप्त हुने निर्देशन बमोजिम गर्न समेत अनुरोध गरिन्छ ।

बोधार्थः**-**

नेपाल बीमक संघ
केन्द्रीय कार्यालय,
थापाथली,काठमाण्डौ ।

भवदीय,

(शाम्बराज लामिछाने)
उप निर्देशक(कानून)